# मुक्तिनाथ विकास बैंक लिमिटेड
## पन्ध्रौं वार्षिक साधारण सभाको
## निर्णयहरु

**१) वैधानिक सभा :**
कम्पनी ऐन २०६३ र मुक्तिनाथ विकास बैंक लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूको अध्यक्षतामा मिति २०७८ मंसिर २५ गते शनिवार तदनुसार डिसेम्बर ११, २०२१ का दिन **होटल जल महल, घारीपाटन,** पोखरामा बिहानको ९.०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बैठक बस्यो ।

**२) सभा बस्ने सम्बन्धी सूचना जारी :**
कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०७८ मंसिर ०३ गते बसेको सञ्चालक समितिको २६१ औं बैठकको निर्णय बमोजिम, यस विकास बैंकको पन्ध्रौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०७८ मंसिर ०४ गते **नागरिक राष्ट्रिय दैनिक** र २०७८ मंसिर ०५ गते **कारोबार राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित गरी सवै सेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो ।

**३) छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को ०.९२५ प्रतिशतले हुने रकम रु.४,४५,०६,८४४.९३ (अक्षरेपी चार करोड पैतालिस लाख छ हजार आठ सय चवालिस रुपैयाँ त्रीयानब्बे पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. यस विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) पुऱ्याउने र सोही बमोजिम प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को १७.५७५ प्रतिशतका दरले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) बाट १७.५७५ प्रतिशतले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) पुर्‍याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रवन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

७. विविध :

**४) उपस्थिति :**

**४.१) सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) श्री भरत राज ढकाल | – | अध्यक्ष |
| २) श्री गजेन्द्रमान श्रेष्ठ | – | सञ्चालक |
| ३) श्री रविन्द्रमान श्रेष्ठ | – | सञ्चालक |
| ४) श्री शालिग्राम मिश्र | – | सञ्चालक |
| ५) श्री निर्मला कुमारी के.सी. (कार्की) | – | सञ्चालक |
| ६) श्री श्यामसुन्दर शर्मा | – | स्वतन्त्र सञ्चालक |

**४.२) पदाधिकारी :**

| | | |
|---|---|---|
| १) प्रद्युमन पोखरेल | – | प्रमुख कार्यकारी अधिकृत |
| २) डण्डपानी ढकाल | - | कम्पनी सचिव |

५) **गणपुरक संख्या :**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिती | प्रतिनिधिद्वारा उपस्थिती | जम्मा उपस्थिती | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| सेयरधनी संख्या | ४४,७५७ | ५४६ | ५ | ५५१ | १.२३ |
| सेयर संख्या | ४,८१,१५,५०८.०३ | २,६३,०४,७४८ | २४,०८,६६६ | २,८७,१३,४१४ | ५९.६७ |

६) **सभाको वैधानिकता र सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको विक्री भएको जम्मा सेयर संख्याको ५०% भन्दा बढि सेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल सेयरधनी मध्ये कम्तीमा ३ जना सेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस संस्थाको कूल ४,८१,१५,५०८.०३ कित्ता मध्ये २,६३,०४,७४८ सेयर कित्ताका ५४६ जना सेयरधनीहरु स्वयम् उपस्थित, २४,०८,६६६ सेयर कित्ताका ५ जना प्रतिनिधिद्धारा उपस्थित भई कूल सेयरधनीको १.२३ प्रतिशत र कुल सेयर संख्याको ५९.६७ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली अनुसार सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री डण्डपानी ढकालले गराउनु भयो ।

पन्ध्रौं वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव श्री डण्डपानी ढकालले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूलाई पन्ध्रौ बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र श्री अध्यक्षज्यूवाट सभाको सभापतित्व ग्रहण भयो ।

कार्यक्रम सञ्चालक श्री डण्डपानी ढकालले सभाको शुरुवात गर्न स्वीकृतिको लागि सभाको सभापतिज्यूलाई अनुरोध गर्नु भयो र सभापतिको अनुमति लिई कम्पनी सचिवद्वारा बिहानको ९:४५ बजे सभाको वैधानिक रुपमा औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

७) **अतिथी तथा पर्यवेक्षक साथै विशिष्ट ब्यक्तिको आसन ग्रहण :**

कार्यक्रम सञ्चालकले पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालकहरु, संस्थापक सेयरधनी महानुभावहरु, सर्वसाधारण सेयरधनीहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यावस्थापनमा कार्यरत कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री गजेन्द्र मान श्रेष्ठले गर्नु भयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले संस्थाको बर्तमान अवस्था र भावी कार्यक्रमका बारेमा प्रस्ट पार्दै आफ्नो बैंकमा रहेको कुशल व्यवस्थापनलाई जारी राख्ने प्रतिबद्धता सहित शुभकामना मन्तव्य दिनुभयो । यसैगरी कम्पनी सचिव श्री डण्डपानी ढकालले पन्ध्रौं वार्षिक साधारण सभाका प्रस्तावहरु क्रमश सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८) **बार्षिक साधारण सभाको प्रस्तुती :**

८.१) सभाको काम कारवाहि अगाडी बढाउने क्रममा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फवाट आ.व.०७७/०७८ को वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

८.२) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गर्न सभा समक्ष पेश गर्नु भयो ।

८.३) त्यसैगरी आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रतिवेदन पेश गर्न अध्यक्षज्यूले लेखा समितिका संयोजक तथा सञ्चालक श्री गजेन्द्र मान श्रेष्ठलाई अनुरोध गर्नु भए अनुरुप उहाँले लेखापरीक्षकको नाम र पारिश्रमिक प्रस्ताव गर्नु भयो ।

८.४) यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफलका लागि सभा समक्ष पेश गरियो ।

८.५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को ०.९२५ प्रतिशतले हुने रकम रु.४,४५,०६,८४४.९३ (अक्षरेपी चार करोड पैतालिस लाख छ हजार आठ सय चवालिस रुपैयाँ त्रीयानब्बे पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव पेश भयो ।

८.६) त्यसैगरी **विशेष प्रस्तावहरु** यस विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) पुऱ्याउने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.७) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को १७.५७५ प्रतिशतका दरले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसट्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.८) विकास बैंकको चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) बाट १७.५७५ प्रतिशतले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसट्ठी पैसा मात्र) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने प्रस्ताव पेश गर्नु भयो ।

८.९) सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.१०) यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश गरियो ।

८.११) विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने लगायतका विषयहरुमा छलफल गरि आ-आफ्नो विचार र जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राखी छलफल गर्न इच्छुक सेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले आह्वान गर्नु भयो ।

**९) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण :**

९.१) **सेयरधनी श्री अशोक उप्रेतीले** सबैभन्दा खुसी बैंकको प्रगती प्रति रहेको बताउनुभयो । वार्षिक प्रतिबेदन अत्यन्त राम्रो रहेको र धेरै कुराहरु समेटेर तयार पारेको हुँदा धेरै कुराहरु प्रतिबेदनबाटै प्रष्ट हुने व्यहोरा व्यक्त गर्दै प्रतिवेदनको साराँशबाटै धेरै कुराहरु समेटिएको प्रति धन्यवाद दिनुभयो । उहाँले सकारात्मक सोच रहेका व्यक्तिहरुबाट सञ्चालित यस विकास बैंक लगायत यस संग सम्बन्ध जोडिएका मुक्तिनाथ कृषि कम्पनी, मुक्तिनाथ क्यापिटल, मुक्तिनाथ फउण्डेशनले आगामी दिनमा योभन्दा बढी सफलता हासिल गर्नेतर्फ कुनै दुविधा नरहेको बताउनु भयो । संस्थाका सञ्चालकहरु र कर्मचारीहरुको व्यवहार अत्यन्त राम्रो रहेको, खराव कर्जा न्यून रहेकोमा खुशी व्यक्त गर्नुभयो । संस्थाका सूचकाङ्कहरु अत्यन्त उत्साहजनक रहेको बताउनुभयो । यस बैंकको Vision, Mission र Value लाई पूरा गर्न Faith, Trust र Honesty कायम राख्न सुझाव दिनुभयो । यस विकास बैंकले महिला उद्यमीहरुका लागि सहुलियपूर्ण कर्जा लगानी गरेका छ की छैन भन्ने जिज्ञासा राख्नु भयो । यस विकास बैंकको प्रगति प्रति मुक्तिनाथ भगवानले समेत आशिर्वाद दिएको हुनुपर्छ भन्ने भावना व्यक्त गर्दै यस बैंकको साधारण सभामा आउन इच्छा भएर पनि समय मिलाउन नसकेका काठमाण्डौका केही सेयरधनिहरुले उहाँमार्फत शुभकामना सन्देश पठाएको जानकारी दिनुभयो ।

९.२) **सेयरधनी श्री बुद्धि सागर बरालले** सर्वप्रथम समयमानै वार्षिक प्रतिवेदन उपलब्ध गराएको प्रति धन्यबाद ज्ञापन गर्नुभयो । यस विकास बैंक स्थापना कालदेखि हालसम्म आईपुग्दा छोटो अवधिमा धेरै सफलता हासिल गर्न सफल भएको र बैंकका वित्तीय सूचकाङ्कहरु राम्रो रहेको बताउनु भयो । बैंकका सबै सूचकाङ्कहरु राम्रा देखिंदा सोही अनुरुप नाफामा अलि कम होकी भन्नेतर्फ ध्यानाकर्षण गराउनु भयो । बैंकको यो प्रगति हेर्दा आगामी दिनमा नाफामा समेत सोही बमोजिमको बृद्धि गरी २५ प्रतिशत मुनाफा बितरण गर्नुपर्छ भन्ने धारणा राख्नु भयो । विशेष प्रस्ताव अन्तर्गत मर्जको प्रस्ताव रहेता पनि यो बैंक मर्जमा नगई आफ्नो अस्तित्वलाई कायम राख्दै अन्य वित्तीय संस्थाहरुलाई यसमा समाहित गर्नुपर्छ भन्ने खालको सुझाव दिनुभयो । Goodwill & intangible Assets संख्यामा देखिएको, नेपाल राष्ट्र बैंकलाई तिर्नुपर्ने रकम के प्रयोजनको रकम हो भन्ने लगायतका जिज्ञासा राख्नुका साथै प्रतिबेदनमा सञ्चालकहरुको फोटो संगै योग्यता र अनुभव पनि राखेको भए अझ राम्रो हुनेथियो भन्ने सुझाव दिनुभयो ।

९.३) **सेयरधनी श्री कमल न्यौपानेले** मुक्तिनाथ विकास बैंक आफैँमा अकवरी सुन हो यसलाई कसी लाइरहनु पर्दैन भन्नुभयो । बृहत पोखरा सरसफाइमा अभियानमा यस विकास बैंकले गरेको योगदान अतुलनिय छ । बैंकले बैंकिङ्ग व्यवसायका अलावा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान प्रति धन्यवाद दिनुभयो । वार्षिक प्रतिवेदन नेपाली भाषामा पनि भइदिएको भए अझ राम्रो हुने थियो । बैंकको प्रगति विवरणको हिसावले २० प्रतिशत मुनाफा दिनुपर्ने हो, अलि कम होकी भन्ने खालको आभास व्यक्त गर्नुभयो । बैंकको नागढुङ्गा शाखा आफ्नै भवनमा रहेको र पर्याप्त क्षेत्रफल र पार्किङ्ग स्थल समेत भएकोले पृथ्वीचोक शाखालाई नागढुङ्गा शाखामा

मिलान गर्दा खर्च कम हुने थियो, यस विषयमा सञ्चालक समितिको धारणा के छ भन्ने विषयमा जिज्ञासा राख्नु भयो । बैंकको लगानी कृषिमा फोकस गर्ने र उत्पादित कृषिजन्य वस्तुहरुको बजारीकरण मुक्तिनाथ कृषि कम्पनी मार्फत गर्दा उपयुक्त हुने सुझाव दिनुभयो । साथै बैंकको साधारण सभाको जानकारी सबैलाई पुग्ने गरी मिडिया मार्फत र SMS मार्फत दिनका लागि सुझाव दिंदै साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

९.४) **सेयरधनी श्री आनन्द अग्रवालले** यस आ.व. मा अन्य कर्जाको तुलनामा रियल स्टेट कर्जा अलि बढी लगानी भएको होकी भन्नेतर्फ जिज्ञासा राख्नुभयो । त्यसैगरी मुक्तिनाथ क्यापिटलले १:१ को राइट सेयर निकालेको छ, यो आवश्यक होकी होइन, यसमा बैंकको लगानी के हुन्छ भन्ने बारेमा र इक्वीटीमा गरिएको लगानी लङ्ग टर्म वा सर्ट टर्म के हो भन्ने विषयमा जिज्ञासा राख्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

९.५) **सेयरधनी श्री श्रीराम गौतमले** IT लाई प्रयोग गरी सम्पूर्ण सर्वसाधारण सेयरधनीहरुलाई समेत साधारण सभाको जानकारिका लागि SMS गर्दा राम्रो हुने, CSR अन्तर्गतको रकम खर्च गर्दा अलि बृहत बनाएमा बिज्ञापनको समेत काम हुने, प्रतिबेदन नेपालीमा भएको भए सबैको लागि उपयसक्त हने, यस आ.व.को Goal/Aim के हो निक्षेप तथा कर्जा कति पुऱ्याउने लक्ष हो, नेपाल राष्ट्र बैंकले वित्तीय विवरण प्रकाशनका लागि दिएको स्वीकृति पत्रमा भएका निर्देशनहरुको बारेमा के भएको छ भन्ने लगायतका जिज्ञासाहरु राख्नुभयो । उहाँले साधारण सभामा सल्लाह सुझाव र जिज्ञासा राख्ने व्यक्तिहरु अली बढी हुनुपर्ने हो यहाँ ५/७ जना मात्र हुन्छन यो किन होला भन्ने जिज्ञासा राख्दै बैंकको कस्टुमर सर्भिसमा राख्ने कर्मचारी बैंकको समग्र विषयमा जानकार भएको कर्मचारीलाई राख्दा ग्राहकहरुलाई सजिलो हुने र बैंकको शाख समेत राम्रो हुने हुँदा ग्राहक सेवालाई ध्यान दिनुपर्ने तर्फ आग्रह गर्नुभयो ।

९.६) **सेयरधनी श्री गोबिन्द बास्तोलाले** बैंकको केन्द्रीय कार्यालय काठमाण्डौमा भएको हुँदा साधारण सभा काठमाण्डौमै हुनुपर्ने हो, पोखरामा किन गरियो भन्ने जिज्ञासा राख्नुभयो । साधारण सभाको समय विहान ९ बजे राख्दा अलि छिटो भयो, सञ्चालकहरुको बैठक भत्ता लगायका सेवा सुविधा बढाउनु भन्दा मुनाफा लिन उपयुक्त हुने बताउनुभयो । यस आ.व.मा सञ्चालक समितिका २४ वटा बैठक बसेको पाइयो यो अलि बढी होकी भन्ने खालको धारणा व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

९.७) **सेयरधनी श्री दर्शन रानाले** मुक्तिनाथ कृषि कम्पनी बैंकको सहायक कम्पनी होकी होइन भन्ने जिज्ञासा राख्दै कृषि कम्पनीमा निम्न स्तरका कृषकहरुलाई समेत सेयरमा समावेश गराउन सके राम्रो हुने बताउनुभयो । सेयरबजारको उतारचढाव प्रति जिज्ञासा राख्दै नाफा बृद्धितर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

९.८) **सेयरधनी श्री हरीकृष्ण वाग्लेले** बैंक आफैमा सफल छ । बैंकप्रति कुनै गुनासो छैन । सेयर डिवेञ्चरमा लगानी बढी अलि बढी देखिएको छ । म्यूचुअल फण्डमा बैंकको लगानी धेरै देखियो यसमा खासै नाफा छैन नियन्त्रण गर्नुहोला भन्ने सुझाव दिनुभयो । CSR को खर्चलाई राम्रोसंग व्यवस्थापन गर्नुपर्ने, सञ्चालन खर्चलाई घटाउने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाटै व्यवस्था भइदिए राम्रो हुने लगायतका भनाइहरु राख्दै सञ्चालक समितिको सेवा सुविधा अन्तर्गत गरिएको प्रस्ताव अलि बढी भयो की भन्ने खालको आसय व्यक्त गर्दै साधारण सभाको सफलताको लागि शुभकामना दिनुभयो ।

९.९) **सेयरधनी श्री शन्तोष श्रेष्ठले** स्प्रेड दर घटीरहेको छ यसमा सोच्नुपर्ने । अप्रेटिङ्ग खर्च बढी देखिन्छ जसको कारण शाखा विस्तार हुन सक्छ यसमा विचार गर्नुपर्ने, डिजिटल कारोवार तर्फ जोड दिनुपर्ने लगायतका सुझावहरु दिनुका साथै अन्य बैंकको तुलनामा यस बैंकको डिवेन्चर ८.७५ मा बिक्री भएको हुँदा यसले बैंकलाई सपोर्ट गर्ने बताउनुभयो । साथै आगामी दिनमा बैंकको सफलताको लागि शुभकामना दिनुभयो ।

१०) **सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ बाट प्रतिउत्तर :**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतबाट सेयरधनी महानुभावहरुवाट आएका विभिन्न सल्लाह सुझाव तथा जिज्ञासाहरुका लागि स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नु भयो साथै सेयरधनी महानुभावहरुले उठाउनु भएका जिज्ञासाहरुको जवाफ दिनुभयो ।

११) **सभाका निर्णयहरु :** कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरुलाई निर्णयका लागि क्रमश सभा समक्ष प्रस्तुत गर्दै निर्णय गर्नका लागि अनुरोध गर्नुभयो ।

**सामान्य प्रस्तावहरु तर्फ :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

४. आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिका संयोजक श्री गजेन्द्रमान श्रेष्ठले प्रस्ताव गरे बमोजिम नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता नं. ००५७, आन्तरिक राजश्व कार्यालय काठमाण्डौंमा स्थायी लेखा नम्बर ५०००१६८५५, गैरीधारा काठमाण्डौ स्थीत **सि.एस.सी. एण्ड कम्पनी** चार्टर्ड एकाउन्टेन्ट्स (**CSC & Company** Chartered Accountants) लाई नियुक्ति गर्ने तथा पारिश्रमिक सम्बन्धमा बैधानिक लेखा परीक्षण ुल्क, एल. एफ. आर शुल्क तथा यातायात, बास, खाना खर्च र मु.अ. कर सहित एकमुष्ट रु. १५,००,०००/- (अक्षरेपी पन्ध्र लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को ०.९२५ प्रतिशतले हुने रकम रु.४,४५,०६,८४४.९३ (अक्षरेपी चार करोड पैतालिस लाख छ हजार आठ सय चवालिस रुपैयाँ त्रीयानब्वे पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**विशेष प्रस्तावहरु तर्फ :**

१. यस विकास बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) पुऱ्याउने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

## *प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :*

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रबन्धपत्रको दफा ५ को उपदफा (क) मा:** विकास बैंकको अधिकृत पूंजी रु.५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० दरका रु.५,००,००,०००/- (अक्षरेपी पाँच करोड) थान साधारण सेयरमा विभाजन गरिएको छ । | **प्रबन्धपत्रको दफा ५ को उपदफा (क) मा:** विकास बैंकको अधिकृत पूंजी रु.८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० को दरले रु. ८,००,००,०००/- (अक्षरेपी आठ करोड) थान साधारण सेयरमा विभाजन गरिएको छ । | विकास बैंकको पूँजी बृद्धि गर्ने योजना अनुरुप । |

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को १७.५७५ प्रतिशतका दरले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. विकास बैंकको चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) बाट १७.५७५ प्रतिशतले हुन आउने रकम रु. ८४,५६,३०,०५३.६६ (अक्षरेपी चौरासी करोड छपन्न लाख तीस हजार त्रीपन्न रुपैयाँ छैसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

## *प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :*

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००/- का दरले ४,८१,१५,५०८.०३ (चार करोड एकासी लाख पन्ध्र हजार पाँच सय आठ दशमलव शुन्य तीन थान साधारण सेयरमा विभाजन गरिएको छ । | **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००/- का दरले ५,६५,७१,८०८.५६ (पाँच करोड पैसठ्ठी लाख एकहत्तर हजार आठ सय आठ दशमलव पाँच छ थान साधारण सेयरमा विभाजन गरिएको छ । | पन्ध्रौं वार्षिक साधारण सभाबाट हाल कायम जारी तथा चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) को १७.५७५ प्रतिशतका दरले बोनस सेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) पुग्ने भएकोले । |
| **दफा ५ को उपदफा (ग)** मा: विकास बैंकको चुक्ता पूँजी रु. ४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र) हुनेछ । | **दफा ५ को उपदफा (ग) मा:** विकास बैंकको चुक्ता पूँजी रु. ५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) हुनेछ । | |

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

***नियमावलीमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :***

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावलीको दफा २९ (ख) मा :** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. १०,०००/- (अक्षरेपी दश हजार मात्र) र रु. ९,०००/- (अक्षरेपी नौ हजार मात्र) हुनेछ । अध्यक्ष र सञ्चालकहरुलाई टेलिफोन इन्टरनेट सुविधा वापत मासिक रु. ३०००/- र रु. २,५००/- तथा पत्रपत्रिका सुविधा बापत सञ्चालकहरुलाई मासिक रु. २,०००/- प्रदान गरिनेछ । | **नियमावलीको दफा २९ (ख) मा :** सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. १८,०००/- (अक्षरेपी अठार हजार मात्र) र रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) हुनेछ । अध्यक्ष र सञ्चालकहरुलाई टेलिफोन इन्टरनेट सुविधा वापत मासिक रु. ५,०००/- र रु. ४,५००/- तथा पत्रपत्रिका सुविधा वापत सञ्चालकहरुलाई मासिक रु. ५,०००/- प्रदान गरिनेछ । | समय सापेक्ष रुपमा बृद्धि गर्नुपर्ने भएको हुँदा थप/बृद्धि गरिएको । |
| **नियमावलीको दफा २९ (ग) मा :** वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च देहाय बमोजिम हुनेछ | **नियमावलिको दफा २९ (ग) मा :** वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च देहाय बमोजिम हुनेछ : | समय सापेक्ष रुपमा परिमार्जन गर्नु पर्ने भएकोले । |
| **(अ) दैनिक भत्ता :** स्वदेशमा दैनिक भत्ता रु. ५,०००/- भारतमा दैनिक भत्ता भा.रु. ५,०००/- भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर २५०/- | **(अ) दैनिक भत्ता :** १. स्वदेशमा दैनिक भत्ता ने.रु. ८,०००/- २. भारतमा दैनिक भत्ता भा.रु. ८,०००/- ३. भारत वाहेक अन्य सार्क राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर २००/- ४. सार्क राष्ट्र वाहेक अन्य राष्ट्रहरुमा दैनिक भत्ता अमेरिकी डलर ३००/- | |
| **(आ) भ्रमण खर्च :** परिवहन खर्च, हवाई टिकट तथा भिषा शुल्क वास्तविक बिल बमोजिमको रकम हुनेछ । | **(आ) भ्रमण खर्च :** परिवहन खर्च, हवाई टिकट, होटल तथा खाना (Lodging and Food) र भिषा शुल्क वास्तविक बिल बमोजिमको रकम हुनेछ । | |

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**१२) धन्यबाद ज्ञापन तथा साधारण सभा समापन :** विकास बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित सेयरधनी, अतिथि लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभाका अध्यक्षज्यूले पन्ध्रौं वार्षिक साधारण सभा समापन भएको जानकारी दिनुभयो ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| कम्पनी सचिव | अध्यक्ष | संस्थाको छाप |